# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, कात्तिक १६ गते, २०८२ साल (अतिरिक्ताङ्क २०

## भाग २

### कोशी प्रदेश सरकार

### विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

मिति २०८२ भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनको समयमा आगजनी तथा तोडफोडले भएको क्षति पश्चात् यातायात व्यवस्था/सेवा कार्यालयहरूबाट सेवा सुचारु हुन नसकेको अवस्थामा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १४, १५, ३१, ३७, ४१, ५५, ८१, ८६, ८९, ९० र ९२ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम ६, १० र ७०(१) कार्यान्वयन गर्न बाधा अड्काउ परेकोले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १७८ ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरिएको छः-

प्रदर्शनका कारण सेवा स्थगित भएको मितिदेखि सम्बन्धित कार्यालयले सेवा सुचारु गर्ने सार्वजनिक सूचना जारी गरी सेवा शुरु भएको मितिसम्मको समयलाई शून्य समय मानी देहाय बमोजिमका प्रावधानहरू लागू हुनेछन्।

१. <u>सवारी दर्ता, नामसारी र नवीकरण</u>

(क) उक्त अवधिमा सेवा लिन नसकी कार्यालय सुचारु भए पश्चात् सेवा लिन आउने यस प्रदेश अन्तर्गत र अन्य प्रदेशमा दर्ता भएका सवारी साधनहरूको हकमा समेत आदेश लागू हुने।

(ख) ऐनको दफा १४ र १५ बमोजिम सवारी दर्ता गर्न सेवा सुचारु भएको मितिले पन्ध्र दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष दर्ता गराएमा सो अवधिको जरिबाना नलाग्ने।

(ग) ऐनको दफा ३१ र नियमावलीको नियम १० बमोजिम सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्ने म्याद गुज्रेमा कार्यालयको सेवा सुचारु भएको मितिले नब्बे दिनभित्र नवीकरण गराएमा सो अवधिको जरिबाना नलाग्ने।

(घ) ऐनको दफा ३७ को उपदफा (६) बमोजिम सवारी धनीको मृत्यु भई नामसारी गर्नु पर्ने अवस्थाको म्याद गुज्रेमा उक्त सवारी धनीको हकवालाले त्यस्तो सवारी आफ्नो नाममा नामसारी गर्न चाहेमा सेवा सुचारु भएको मितिले नब्बे दिनभित्र नामसारी गरेमा जरिबाना नलाग्ने।

(ङ) प्रदर्शनको क्रममा जलेर नष्ट भएका सवारी साधन ऐनको दफा ४१ बमोजिम दर्ताको प्रमाणपत्र खारेज गर्नु पर्ने भएमा नियमावलीको नियम १४ को उपनियम (९) बमोजिम सो सवारीमा अघिल्लो आर्थिक वर्षसम्म लाग्ने कर, दस्तुर, शुल्क जरिबाना लगायत अन्य बक्यौता असूल गर्नु पर्ने रहेछ भने असूल उपर गरी चालु आर्थिक वर्षको लागि लाग्ने सवारी कर, दस्तुर, शुल्क, जरिबाना मिनाहा गरी दर्ताको प्रमाणपत्र खारेज गरी लगत कट्टा गरिदिने।

(च) नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम सरुवा सहमति लिएका सवारीको हकमा सेवा सुचारु भएको मिति देखि पैंतिस दिनभित्र सरुवा दर्ता गराएमा जरिबाना नलाग्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(छ) ऐनको दफा ४३ बमोजिम दर्ताको प्रमाणपत्र प्रतिलिपि प्रदान गर्न नियमावलीको नियम १५ बमोजिमको लागि सवारी दर्ता किताब देहाय बमोजिम खडा गर्नेः-

१. सम्बन्धित सवारीधनीसँग भएका सवारी साधनसँग सम्बन्धित अभिलेखहरू माग गर्ने।

२. विदेशबाट आयात भएको सवारीको हकमा भन्सार कार्यालयहरूबाट भन्सार प्रज्ञापनपत्र र सिफारिस माग गर्ने।

३. सवारी साधन आयात गर्ने कम्पनी वा फर्मसँग सवारी साधनहरूको अभिलेख माग गर्ने।

४. बिमा कम्पनीहरूबाट सवारीको बिमाको अभिलेख माग गर्ने।

५. बैंक तथा वित्तीय संस्थाहरूले सवारी साधन रोक्का राखेको भए उक्त निकायहरूसँग कागजातहरू माग गर्ने।

६. सवारी आयात गरेका कम्पनीहरूबाट सवारी आयात भएको हो होइन, सिफारिस पत्र माग गर्ने।

७. सम्बन्धित सवारी साधनको दर्ता प्रणाली VRS मा भएको सवारी साधनसँग सम्बन्धित विवरण संकलन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

८. माथि उल्लिखित कुनै पनि कागजातहरू नभेटिएको खण्डमा सवारीधनीको निवेदन, सम्बन्धित स्थानीय तहको सिफारिस, सर्जमिन मुचुल्का, ट्राफिक प्रहरीको सिफारिस, सवारी धनीको स्वःघोषणा समेतको आधारमा प्राविधिक परीक्षण गर्दा उपयुक्त देखिएमा,

९. सवारी दर्ता किताबमा कम्तीमा इन्जिन नम्बर, चेसिस नम्बर र दर्ता मिति, दर्ता नम्बर,बनाउने कम्पनी, मोडेल नं, इन्जिन क्षमता, चालक सहित यात्रु भारवहन क्षमता, सवारी धनीको नाम, थर, ठेगाना र सम्पर्क नम्बर,

२. <u>बाटो इजाजत तथा जाँचपास</u>

(क) ऐनको दफा ८१ बमोजिम बाटो इजाजतपत्र नवीकरण गर्ने म्याद गुज्रेमा सेवा सुचारु भएको मितिले पन्ध्र दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष दर्ता गराएमा सो अवधिको जरिबाना नलाग्ने।

(ख) ऐनको दफा ८६ बमोजिम बाटो इजाजतपत्रको प्रतिलिपि प्रदान गर्न तथा नियमावलीको नियम ८२ को उपनियम (१) र (२) बमोजिमको लागि बाटो इजाजत दर्ता किताब खडा गर्दा सम्बन्धित सवारी साधनको VRS को रिपोर्ट हेरी अध्यावधिक भएमा मात्र गर्ने।

(ग) ऐनको दफा ८९ र ९० बमोजिम जाँचपास तथा पुनः जाँचपास गराउने म्याद गुज्रेमा सेवा सुचारु भएको मितिदेखि कात्तिक मसान्तसम्म अधिकार प्राप्त अधिकारी समक्ष दर्ता गराएमा जरिबाना नलाग्ने।

३. <u>यातायात व्यवस्थापन</u>

(क) ऐनको दफा ९२ बमोजिम यातायात सेवा सञ्चालन गर्ने पञ्जीकरणको अनुमतिपत्र नवीकरण गर्ने म्याद गुज्रेमा सेवा सुचारु भएको मितिले तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गर्दा जरिबाना नलाग्ने।

(ख) नियमावलीको नियम ७० को उपनियम (१) बमोजिम प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको नवीकरण गर्नु पर्दा यस आर्थिक वर्षको लागि आदेश जारी भएको मितिले तिस दिनभित्र नवीकरण गराएमा सो बापत लाग्ने जरिबाना रकममा छुट दिने।

४. <u>सवारी चालक अनुमतिपत्र नवीकरण</u>

(क) कुनै सवारी चालकको चालक अनुमतिपत्रको निर्णय किताब (माइन्यूट) फेला नपरेमा सवारी चालक अनुमतिपत्र दर्ता किताब (ढड्डा) वा विद्युतीय अभिलेख फेला नपरेमा सक्कल सवारी चालक अनुमतिपत्रको आधारमा कार्यालयले आवश्यक

जाँचबुझ गरी त्यस्तो सक्कल चालक अनुमतिपत्र कार्यालयमा खिची चालक अनुमतिपत्रको नवीकरण गरिदिने।

स्वीकृत मितिः- २०८२/०७/१६

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

न्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश